# श्रोताको अनुभूति

**तेजनाथ घिमिरे**

म रेडियो श्रोताको कुन श्रेणीमा पर्छु, मलाई थाहा छैन। सकेसम्म खबर नछुटोस् भन्ने मेरो आशय हुन्छ। फुर्सदमा सबै कार्यक्रमको स्वाद लिएर सुन्ने बानी भए पनि शास्त्रीय सङ्गीत सुन्नै सक्दिनँ र रेडियो बन्द गर्छु। अहिले चारओटा रेडियो स्टेसनको प्रसारण र तीनओटा टिभी च्यानल मेरो पहुँचभित्र पर्दछन्। भ्याएसम्म सुन्ने, पाए राम्रो लागेका कार्यक्रम हेर्ने पनि बानी बसेको छ। राणा शासनको आखिरीतिर पोखरामा बडाहाकिम धन शमशेरकहाँ रेडियो आएको हो पहिला। त्यसपछि लगत्तै पोखराका प्रसिद्ध व्यापारी चन्द्रबहादुर भारीले रेडियो ल्याएर बजाएका थिए। उनले रेडियो ल्याएको प्रसङ्ग यहाँ उल्लेख गर्नु मनासिवै होला।

२००५ सालमा, सपरिवार बाराही मन्दिर दर्शन गर्न जाने क्रममा पोखराका बडाहाकिम धन शमशेरलाई घोडा चाहिएछ। उनले चढ्ने गरेको घोडा विरामी भएर नै अर्को घोडाको खोजी भएको हुनु पर्छ। भीमकाय धन शमशेरलाई मिल्दो घोडा चन्द्रबहादुर भारीकहाँ छ भन्ने पत्तो लागेपछि घोडा लिन पठाइएछ।

तर चन्द्रबहादुर पनि हक्की स्वभावका थिए । घोडा बिरामी भएको कारण दर्शाई दिन अस्वीकार गरेछन् । आफू सुहाउँदो घोडा नभेटेपछि उलिन्काठमा सवारी चलाउन बडाहाकिमले आदेश दिए । भारीले भुटो बोलेको शङ्का त लागेकै थियो सबैलाई, कास्कीकोटका बबरे नामका एक घोडचढीले परीक्षण नै गर्ने निधो गरेछन् । बडाहाकिमसँग साखिल्ले हुने अवसर थियो उनलाई त्यो । तसर्थ बडाहाकिमसँग बीस रुपियाँ मागेर भारीको परीक्षा लिन भीमसेनटोलस्थित उनको पसलमा गएछन् र आफूलाई जरुरी कामले गर्दा कास्कीकोटस्थित घरसम्म गएर तुरुन्तै आउनुपरेको भनी घोडा मागेछन् । त्यसबापत बीस रुपियाँ दिने व्यहोरा बताएपछि भारीलाई पनि चित्त बुझेछ र घोडा दिएर पठाए । त्यसपछि बबरे कास्कीकोट किन जान्थे ? बडाहाकिमलाई घोडा देखाउन हाँकिदै सवारी भेटाउन पुगे । यो सबै बुझेर बडाहाकिम रीसले आगो भए । मन्दिरबाट फर्केपछि उनले चन्द्रबहादुर भारीलाई बलपूर्वक गोर्खे लौरी कस्न लगाए । अनि उनका अघिल्तिर घाँस हाली बेइज्जती गरे । आफ्नो सम्पत्तिमाथि पनि आफ्नो हक नलाग्ने क्रुर अवस्था थियो राणाकालमा ।

भिमसेनस्थान अघिल्तिर भारीलाई लडाएको मैले पनि देखेको हुँ । हामी आठदस वर्षका केटाकेटीलाई रमिताझैँ लागेको थियो त्यो क्षण । अरू कुराहरू अग्रजहरूबाट पछि सुनेको मात्र हुँ मैले । यसपछि यी दुई बीच वैमनस्य झन् बढ्यो । बडाहाकिमसँग इखिएर भारी काङ्ग्रेस पनि बने । त्यसैगरी बडाहाकिमले रेडियो ल्याएर सुन्ने गरेपछि त्योभन्दा म के कम भनी आफूले पनि रेडियो झिकाएका थिए उनले ।

बडाहाकिम र चन्द्रबहादुर भारीले तत्कालै रेडियो ल्याएर बजाएकै भए पनि मैले त्यसको लाभ लिन सकेको थिइनँ । त्यो बेलाका सचेत, जागरूक, चिन्तनशील, गहन विचारक व्यापारी प्रेमराज मुल्मीकहाँ उनको पसलको रेडियोमा आएको समाचार सुनेर चित्त बुझाइन्थ्यो, पोखरामा अन्यत्र रेडियो थिएन । त्यसपछि रत्नबहादुर थकाली, सर्वज्ञमान प्रधानाङ्गकहाँ पनि रेडियो सुन्न पाइने भयो । दिउँसो समाचार सुनिन्थ्यो । अरू कार्यक्रम सम्बन्धमा जानकारी नै भएन । कहिलेकाहीँ गीत सुन्न पाइन्थ्यो, त्यत्ति हो ।

अन्तरिम शासन कालमा पत्रिका पढ्न र रेडियो सुन्ने भोक जागेको थियो । *गोरखापत्र* दोहोऱ्याई तेहऱ्याई पढेर एवं रेडियो अरूको निगाहले बजाइदिए वा बजाएको बेला छोपी चित्त बुझाइएको थियो । आफूमात्र होइन, आफ्ना समवयश्क जिज्ञासु सबैको उही हालत हुँदा चित्त बुझ्दथ्यो । आफैले कान निमोठेर रेडियो बजाउने सौभाग्य २०१५ सालको आम निर्वाचनअघि मैले पाइनँ ।

२०१७ सालमा *साप्ताहिक हिमदूत*को प्रकाशन सुरु भयो । म पनि त्यो पत्रिकामा सम्बद्ध भएँ । समाचार सङ्कलन र सम्पादन सहयोगी भएर काम गर्नुपऱ्यो । रेडियोसँग अझ निकट भइयो तैपनि आफ्नै पूर्ण स्वामित्वमा रेडियो थिएन । २०१८ सालमा आफ्नै रेडियो भएपछिको रेडियो श्रोता नियमित जस्तै छु । टिभी हेरे पनि रेडियो नसुनेसम्म धीत मर्दैन । शास्त्रीय सङ्गीतले भने अझै रुचि जगाउन सकेको छैन । अल इण्डिया, बीबीसी र नेपाल रेडियोपछि भ्वाइस अफ अमेरिका पनि सुन्ने आदत बस्यो । कतिपय विवादास्पद घटनाको भिन्न प्रस्तुतिले गर्दा बीबीसीको प्रसारण आकर्षक र निर्णायक हुन्छ जस्तो लाग्छ मलाई । निष्पक्षता र सत्यताले मात्र होइन चुस्त कलात्मक प्रस्तुतिले पनि बीबीसीको प्रसारण प्रशंसनीय छ ।

नेपाल रेडियोलाई अङ्ग्रेजी भाषिक वाक्यगठन शैलीको अन्धानुकरण गरी 'रेडियो नेपाल' बनाइयो । नेपाली भाषिक परम्पराको ख्याल गरिएन । यसमा मलाई चित्त दुखेको छ । प्रशस्त अशुद्ध प्रयोग हुँदाहुँदै पनि भाषा प्रचार प्रसारको क्षेत्रमा, सांस्कृतिक पहिचान र उत्थानको क्षेत्रमा लोक गीत, दोहरी गीत, आधुनिक गीत, सङ्गीत, कथा, कविता र नाटकीय क्षेत्रमा पनि नेपाली रेडियोको विशिष्ट योगदान छ भन्ने मलाई लाग्छ । राष्ट्र भाषा र राष्ट्रिय भाषामा विस्तारित कार्यक्रमले रेडियो प्रसारण कार्यक्रम सबैको साझा बन्न खोज्दै गएको आभास हुन्छ ।

समाजमा जानकारी गराउनुपर्ने कुरा लुकाउन खोज्ने, तीलको गेडाजत्रो कुरालाई पहाडजस्तो बनाएर तेर्स्याउने र सफेद झुठ प्रदर्शन गर्न पनि पछि नपर्ने आमसञ्चार माध्यमभित्रका कुनै छन् भने त्यस्ताले श्रोता/पाठक/दर्शकलाई आकर्षण गर्नुको सट्टामा विकर्षण गर्छन् । हाम्रो राष्ट्रिय रेडियोले दिने खबरमा यस्तो नहोस् भन्ने मेरो हार्दिक चाहना सधैँ हुने गर्छ । तर हाम्रा मौलिक समाचार अन्यत्रबाट पहिले सुन्नुपर्ने बाध्यता छ । कतिपय संवेदनशील घटनाका समाचार सुन्नै पाइँदैन । अरू त के २०५८ साल जेठ १९ को राजदरबार हत्याकाण्डको समाचारसमेत पचाएको नेपाल रेडियोको पाचन शक्तिको जति प्रशंसा गरे पनि थोरै हुन्छ । यस्ता केही घटनाले नेपाल रेडियोप्रति विरक्ति लाग्छ । तैपनि रेडियोका समाचार सुन्न भने छोडेको छैन ।

अब प्रतिस्पर्धामा अगाडि आउन नसक्नेको अस्तित्व खतरामा छ । आमसञ्चार विद्युतगतिले बढिरहेको बेला अर्काको हातमा लगाम सुम्पेर दौड्न खोज्ने कछुवा गतिका घोडा अघि बढ्न सक्दैनन् । स्वतन्त्रताको फ्यूज नभएका चिमले प्रकाश दिन नसकेजस्तै स्वायत्तता नपाएका प्रसारणले विश्वव्यापीकरणपछि कसरी आफूलाई जीवन्त राख्न सक्छन् ? यथासमय सोचविचार र अनुकूल व्यवहारको अपेक्षा गरिएको छ ।